रो० प्र० बि० के/श्र० ब० स० सू/ 23

# श्रम बजार सम्वन्धि सूचना

(तानसेन नगर पंचायत र यसको आसपासको गाउँ पंचायतहरूमा जनशक्ति र तालिम आवश्यकता सम्वन्धमा प्रतिवेदन)

श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मंत्रालय
पुरातत्व विभाग
केशर राष्ट्रिय पुस्तकालय

000013

Nepal National Library

श्री ५ को सरकार

श्रम तथा सामाजिक कल्याण मन्त्रालय

श्रम विभाग

## रोजगार अनुसन्धान तथा बिकास केन्द्र

पुतली सडक, काठमाडौं

फोन नं. ४–११३८०

२०४३ साल

Re
३३१.१२
श्र८३
2083

G.N. ६६६ ६६६

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| **परिच्छेद I** | |
| भूमिका | क |
| अध्ययनको उद्देश्य | ख |
| सर्वेक्षण विधि र अवधि | ग |
| **परिच्छेद II** | |
| जिल्ला परिचय | १ |
| हाल संचालित, उद्योगहरू र रोजगारीको स्वरूप | ३ |
| रोजगार वृद्धिमा परेका कठिनाईहरू | ६ |
| गैर नेपालीहरूको संलग्नता | ७ |
| जनशक्तिको माग र आपूर्ति | ७ |
| सुझावहरू | ८ |


000013

Nepal National Library

Re
३३१.१२
श्र ८३
२०५२
→Labor market

000013

Nepal National Library

## दुई शब्द

आर्थिक विकासमा उपयुक्त जनशक्तिले महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने कुरामा सबैको एक मत होला भन्ने मलाई विश्वास छ । जनशक्ति सम्बन्धि तथ्यांकको अभावमा उपयुक्त योजना तर्जुमा गर्न कठिनाई हुने हुँदा यस सम्बन्धि तथ्यांकको माग दिन पर दिन बढ्दै गएको देखिन्छ । यस प्रतिवेदनमा पाल्पा जिल्लाको जनशक्ति, तालिम आवश्यकता र सम्भाव्य रोजगारीका अवसरहरूबारे स्थलगत सर्वेक्षण अध्ययन गरी त्यहाँको स्थितीको वर्णन गरिएको छ । जनशक्ति र रोजगार विकास सम्बन्धि चासो राख्नेहरूलाई यस प्रतिवेदनले मदत गर्नेछ भन्ने कुरामा म विश्वास राख्दछु ।

अन्त्यमा यस प्रतिवेदन तयार पार्नको लागि आवश्यक कार्य गर्नु भएकोमा रोजगार अनुसन्धान तथा विकास केन्द्रका अर्थशास्त्री श्री सुभाष राज पाठक, नायब सुब्बा श्री वीरेन्द्र कुमार माझी र टाइपिङ कार्यमा सहयोग गर्नु भएकोमा श्री भानु राजा महर्जन र सर्वेक्षण सँग सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२०४३ साल

( हरी प्रसाद पोखरेल )
महा-निर्देशक
श्रम विभाग

## १. भूमिका:-

देशको आर्थिक विकासको क्रममा जनशक्तिले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ । तर शिपयुक्त जनशक्तिले जुन भूमिका निर्वाह गर्छ त्यो कुरा एउटा शिपरहित व्यक्तिबाट प्राय असम्भव हुन्छ । हाम्रो जस्तो विकासशील देशमा शिप विहिन बेरोजगार तथा अर्ध बेरोजगार व्यक्तिहरू प्रशस्त छन भने अर्को तिर संचालित विकास योजनाहरू र उद्योग प्रतिष्ठानहरूमा शिपयुक्त जनशक्तिको अभाव महसूस भैरहेको छ। शिपयुक्त जनशक्तिको अभावमा विभिन्न क्षेत्रहरूमा गैर नेपालीहरूको संलग्नता बढिरहेको छ ।

बढि भो बढि नेपालीहरूलाई उत्पादन कार्यमा संलग्न गरी रोजगार मूलक बनाई उनीहरूको क्रय शक्तिलाई बढाउने श्री ५ को सरकारको योजनाहरूको मूल उद्देश्य रहेको हुँदा यस उद्देश्य परिपूर्तिको लागि आवश्यक पर्ने जनशक्ति तालिम आदि बारे विस्तृत जानकारी हासिल गर्नु आवश्यक देखिन्छ । देशमा विद्यमान र निकट भविष्यमा आवश्यक पर्ने जनशक्तिको सहि जानकारी बिना योजना तर्जुमा र कार्यान्वनमा निकै अप्ठ्यारो पर्न जान्छ । यसै तथ्यलाई ध्यानमा राखि श्रम विभागको रोजगार अनुसन्धान तथा विकास केन्द्रले विभिन्न जिल्लाहरूमा संचालित उद्योग प्रतिष्ठानहरू र अन्य गैर कृषि कार्यमा हाल कति व्यक्तिहरू संलग्न छन्, भविष्यमा कस्ता शिप भएको कति व्यक्तिहरूको आवश्यक पर्छ, कस्तो प्रकारको तालिमको आवश्यक छ आदि बारे अध्ययन गर्दै श्रम बजार सम्बन्धि सूचनाको प्रतिवेदन तयार पार्दै आएको छ । आ.व. २०४३।४४ मा पाल्पा जिल्लाको तानसेन नगर पंचायत र यसको आस-पासको गाउँ पंचायतहरूमा जनशक्ति र तालिम आवश्यकता बारे अध्ययन गरिएको थियो । यस प्रतिवेदनमा त्यस क्षेत्रको श्रम बजार सम्बन्धि सूचना उल्लेख गरिएको छ ।

## २. अध्ययनको उद्देश्य :-

नेपाल एक कृषि प्रधान देश हो । कृषि क्षेत्र वृहद रोजगारीको एक मात्र माध्यम बन्दै आएको र अब यस क्षेत्रमा रोजगारीको अवसर पनि प्राय कम भएको हुँदा बढ्दो जनसंख्या र सिमित भूमि बिचको भिषण असन्तुलनले ग्रामिण क्षेत्रमा गम्भिर रूपमा बेरोजगार तथा अर्ध बेरोजगारको समस्या ल्याई दिएको छ । अर्को तर्फ नेपाली हरूमा ज्ञान र सिपको अभावमा सिर्जना भएका रोजगारीका अवसरहरूको उपभोगमा पनि गैर नेपालीहरू द्वारा हुँदै गईरहेको छ । अतः ग्रामिण क्षेत्रमा कृषि बाहेक अन्य आधार भूत उद्योग तथा गैर कृषि व्यवसायको विकास गरी रोजगारका अवसरहरूको विकास गर्न आवश्यक छ भने विद्यमान रोजगारीको क्षेत्रमानै रोजगारीको अवसर विस्तार गर्न त्यत्तिकै आवश्यक छ । यस कार्यको निम्ति पूर्वाधार तयार पार्न तथ्यांकहरू संकलन गर्न सर्वेक्षणको आवश्यक देखिन्छ । यस सर्वेक्षण अध्ययन आ.व. २०४३।४४ मा निम्न उद्देश्य पूर्तिको लागि गरिएको थियो ।

(१) हाल विद्यमान आवश्यक र निकट भविष्यमा आवश्यक पर्ने जनशक्ति बारे जानकारी हासिल गर्न ।

(२) रोजगारीका अवसरहरू बढाउन अवरोधको रूपमा रहेका तत्वहरू पत्ता लगाई सम्बन्धित अधिकारी समक्ष सूचना गर्न ।

(३) रोजगारी अवसरहरू प्रवर्द्धन गर्ने उद्देश्यले आवश्यक सिपहरू विकास गर्न सम्बन्धित निकायलाई सहयोग गर्न ।

(४) स्वंय रोजगार तिर जनशक्ति संलग्न गराउनको लागि स्थानीय स्रोतमा आधारित व्यवसाय सम्बन्धि सिप विकास गर्न, तालिम संचालन गराउनको लागि श्रमिक आपूर्ति केन्द्रहरूलाई सल्लाह र सहयोग पुऱ्याउन ।

(५) ग्रामिण क्षेत्रमा रहेको बेरोजगार जनशक्तिलाई विभिन्न सिपहरूमा तालिम उपलब्ध गराई उत्पादन सिप कार्य तर्फ अग्रसर गराउन ।

(६) ग्रामीण तथा शहरी क्षेत्रमा स्थायी रूपमा श्रम बजार सम्बन्धि सूचनाहरूको व्यवस्था गर्ने ।

(७) शिप वृद्धि तालिम सम्बन्धि सूचनाहरु संकलन गर्ने ।

३. सर्वेक्षण विधि र अवधी :-

सर्वेक्षणको सिलसिलामा सर्वेक्षण टोली प्रत्येक उद्योग प्रतिष्ठानहरूमा पुगि उद्योग प्रतिष्ठानहरू सँग सम्बन्धित व्यक्तिहरूसँग भेटी विभिन्न प्रश्नहरू गरी आँकडा संकलन गरिएको थियो । जिल्लामा हालको रोजगारको स्थिती, आवश्यक जनशक्ति, तालिम, स्थानीय श्रोतहरू, बजार र शिप विकास आदिका सम्बन्धमा जिल्ला सभापति, उप सभापति, नगर पंचायतका प्रधान पंच, विभिन्न पंचायतका सदस्यहरू र उद्योग पतिहरूसँग प्रत्यक्ष सम्पर्क राखि कुरा कानीको माध्यमबाट नमूनाको रूपमा सूचनाहरू संकलन गरिएको थियो ।

पाल्पा जिल्लाको तानसेन नगर पंचायत र यसको आस-पासका गाउँ पंचायत हरूमा सूचनाहरू संकलन गर्न सर्वेक्षण टोलीका २ जवान सदस्यहरूलाई करिब २५ दिन लागेको थियो ।

## ४. जिल्ला परिचय :-

पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अंचलको एक पहाडी जिल्ला पाल्पाको उत्तरमा स्याङजा, तनहुँ र गुल्मि जिल्ला दक्षिणमा रुपन्देहि र नवलपरासी, पूर्वमा तनहुँ र पश्चिममा अर्घाखाँची जिल्लाहरू पर्दछन । पाल्पा जिल्लाको कूल क्षेत्रफल २,७४३ वर्ग किलोमिटर छ । वि.सं. २०३८ सालको जनगणना अनुसार यो जिल्लाको जनसंख्या २,१४,४४२ छ जस मध्ये पुरुष १०८६८९ जना र महिला १०५७५३ जना छन । यहाँको जन घनत्व प्रति वर्ग किलोमिटर १५६.२ व्यक्ति रहेको छ ।

जिल्लाको करिब ९५ प्रतिशत बासिन्दाहरूको पेशा कृषिमा आधारित छ । विभिन्न टार तथा फाँटहरू यहाँका मूख्य कृषि योग्य भूमि छन । ती टार, फाँट तथा पाखोहरूमा धान, मकै, गहुँ आदि खाद्यान्न बालीको साथै तोरी, कपास, उखु, अदुवा आदि नगदेबाली लगाइन्छन ।

जिल्ला बासिहरू काँस पितल आदि धातुबाट भाँडा बनाउने काम गर्दछन । तानसेनमा बनाइएका काँसका करुवा तथा अन्य भाँडाकुडाहरू अधिराज्यभर प्रख्यात छ । तानसेन धेरै पहिले देखि मध्य पश्चिमाञ्चलका पाहाडी जिल्लाहरूको व्यापारिक केन्द्र रहि-आएको र सिद्धार्थ राजमार्ग यहि जिल्ला हुँदै पोखरा पुगेकोले यस जिल्लाले काँचुली फेरेको छ ।

पाल्पा जिल्लाको दक्षिण पूर्वको केहि भाग बाहेक सबैजसो भाग महा-भारत पर्वतमा पर्दछ । यो जिल्ला डाँडा भन्ज्याङ, बेंसी, टार र खोल्चाहरू मिलेर बनेको छ । मादि फाँट, रामपुर फाँट, गार्न फाँट, आर्खी फाँट आदि यहाँका मूख्य फाँटहरू हुन ।

त्यस्तै काली गण्डकी, विनयी खोला, तिनाउ खोला, रिडी खोला, दुरुडग खोला, वाडगदी खोला एवं नदि आदि यस जिल्लाका मुख्य नदि नालाहरु हुन । नदि नाला र बेसी र टार भए जस्तै यस जिल्लामा पुर्वे ताल र सत्यवती दुर्गा तालहरु छन ।

यस जिल्लामा विभिन्न प्रकारको हावापानी पाइन्छ । हावापानीको विभिन्नताले मानिसहरुको रहन सहन खेती पाती पनि विभिन्न किसिमको हुन्छ । जिल्लामा अधिकतम तापक्रम ३० ° सेन्टिग्रेड र न्यूनतम तापक्रम ६ ° सेन्टिग्रेड सम्म पुग्दछ । अग्ला अग्ला पाहाडहरुमा कहिले काहि हिउँ समेत पर्दछ । यस जिल्लामा ग्रिष्म याममा मनसुनी हावाले जुन देखि अगष्ट सम्म प्रशस्त पानी पार्दछ । हिउँद याममा पश्चिम तिर बाट बहने हावाले वर्षा गराउँदछ । यस जिल्लामा समशितोष्ण तथा अर्ध उष्ण हावापानी तथा उष्ण हावापानी पाइन्छ । त्यस्तै हावापानीको विभिन्नताले गर्दा यस जिल्लामा विभिन्न प्रकारको वनस्पती पाइन्छ ।

आर्थिक स्थिती :-

यस जिल्लाको आर्थिक अवस्थामा कृषिको सर्वोपरि स्थान रहेको छ । ६५ प्रतिशत भन्दा वढि व्यक्तिहरु यहि पेशामा संलग्न छन । कृषि तथ्याङ्क पुस्तिका १९७२ अनुसार यस यस जिल्लामा १७,६०० हेक्टर जमिनमा खेती भएको छ । यस जिल्लामा टार, उपत्यका, पाखो आदि भएको हुँदा धान, गहुँ, मकै, कोदो, फापर र तोरी, उखु, अदुवा आदिको खेती गरिन्छ । कृषि व्यवसायमा सुधारको आधुनिकरण नगर्न सकेको हुँदा यहाँ उपलब्ध जमिनवाट वाञ्छित परिमाणमा उत्पादन हुन सकेको छैन । जिल्लाको कृषि उपजले जिल्लालाई नपुग्ने हुँदा अधिराज्यका अन्य जिल्लाहरुबाट यस जिल्लामा खाद्यान्न ल्याइन्छ ।

कृषिको साथै जिल्ला बासीहरुले पशुपालन पनि गरि आएका छन्।

पाल्पा जिल्लामा धेरै पूर्वकाल देखिनै साना तिना घरेलु उद्योगहरु संचालन हुदै आइरहेका छन्। पाल्पाली ढाका र कूवाको लागि यो जिल्ला ज्यादै प्रसिद्ध छ। जिल्लामा बिभिन्न ढाका उद्योगहरु संचालित छन्। यसको साथै जिल्लामा विभिन्न धान कुट्ने मिलहरु, छापाखाना उद्योगहरु, पाउरोटी उद्योगहरु संचालित छन्। प्रयाप्त पूँजी र कच्चा पदार्थको अभावमा यी संचालित उद्योगहरु राम्ररी फस्टाउन सकिराखेका छैनन्।

केहि वर्ष अगाडी सम्म पाल्पा जिल्ला मध्यपश्चिमाञ्चलका पहाडी जिल्लाहरुको व्यापारिक केन्द्र रहि आएको थियो तर केहि वर्ष देखि यता यातायातको सुविधा र अन्य जिल्लाहरुमा आवत-जावत बढ्न थालेकोले यस जिल्लाको व्यापारिक गतिविधि कम हुदै गएको छ।

कुनै पनि जिल्लाको आर्थिक स्थितीको अध्ययन गर्दा त्यस जिल्लाको कृषि, उद्योग, व्यापारको बारेमा जानकारी हुनु नितान्त आवश्यक हुन्छ। यी तीन कुराको विकासमा जिल्लाको आर्थिक स्थिती भर पर्दछ। तर पाल्पा जिल्लामा कृषि, उद्योग, व्यापार तीनै क्षेत्रको राम्रो विकास नभएकोले समष्टिरुपमा जिल्लाको आर्थिक गतिविधि राम्रो छैन भन्न सकिन्छ।

## ५. हाल संचालित उद्योगहरू र रोजगारीको स्वरुप :-

पाल्पा जिल्लाको तानसेन नगर पंचायत र यस संग जोडिएका केहि क्षेत्रमा बाहेक अन्य क्षेत्र तथा गाउँ पंचायतहरुमा रोजगारीका अवसरहरुको वृद्धि ज्यादै कम मात्रामा मात्र भएको छ। ग्रामिण क्षेत्रमा गैर कृषि व्यवसायको विकास नभई सकेको हुँदा ग्रामिण जनताहरु बाध्य भएर कृषि पेशामानै लागि रहेका छन्। ग्रामिण क्षेत्रमा बेरोजगार तथा अर्ध बेरोजगार समस्याले सताईरहेको छ।

तानसेन नगर पंचायत र यसको आस-पासको गाउँ पंचायतहरूमा संचालित जम्मा ३६ उद्योग प्रतिष्ठानहरूबाट तथ्याङ्क संकलन गरिएको थियो । ३६ उद्योग प्रतिष्ठानहरूमा जम्मा ६०७ जना व्यक्तिहरू संलग्न रहेका र जसमध्ये पुरुष १८६ जवान र महिला ४२१ जवान भएको कुरा सर्वेक्षणबाट पत्ता लागेको छ । सर्वेक्षण गरिएका उद्योग प्रतिष्ठानहरूमा केवल ५ जवान मात्र गैर नेपाली भएको कुरा थाहा भएको छ । यस क्षेत्रमा सृजना भएका रोजगारीका अवसरहरूमा महिलाहरूको संलग्नता वढि भएको कुरा थाहा हुन आएको छ । तालिका नं. १ मा सर्वेक्षण गरिएका उद्योग प्रतिष्ठानहरूमा विभिन्न पेशामा कार्यरत पुरुष र महिला रोजगारी बारे दिइएको छ । नगर पंचायत क्षेत्रमा घरेलु उद्योगहरूको वृद्धि भएको देखिन्छ । तापनि वृद्धि दर ज्यादै कम भएको हुँदा रोजगार वृद्धि पनि पर्याप्त मात्रामा हुन सकेको छैन ।

ग्रामिण क्षेत्रका जनताहरूको मूख्य व्यवसाय कृषि भएको र रोजगारीको अन्य क्षेत्रको विकास हुन नसकेको कारणले गर्दा वढि से वढि ग्रामिण जनताहरू कृषिमानै लागेका र उनीहरूको सहायक पेशाको रूपमा ज्याला मजदुरी र पशुपालन रहि आएको कुरा थाहा हुन आएको छ । ग्रामिण क्षेत्रमा केहि राइस एण्ड आयल मिलहरू भएको, कपडा बुन्ने, टोकरी, ढक्की, डोको बुन्ने आदि कामहरूले पनि केहि रोजगारीको सिर्जना भइरहेको कुरा सर्वेक्षणबाट पत्ता लागेको छ ।

यस जिल्लामा संचालित उद्योग प्रतिष्ठानहरूबाट उत्पादित वस्तुको बजारमा माग, कच्चा पदार्थको उपलब्धता, उपयुक्त जनशक्तिको आपूर्ति, विद्युत शक्तिको नियमितता आदिको राम्रो व्यवस्था भएको खण्डमा संचालित उद्योग प्रतिष्ठानहरूमा रोजगारीको अवसर वृद्धि हुने देखिन्छ । निजी क्षेत्रमा यहाँ विभिन्न उद्योगहरू खुल्दै गइरहेको र भविष्यमा पनि खुल्दै जाने होरै सम्भावना भएकोले भविष्यमा केहि रोजगारी वृद्धि हुने सम्भावना देखिन्छ । यस जिल्लामा संचालन भएका उद्योगहरू विभिन्न कारणहरूले गर्दा पूर्ण क्षमतामा संचालन हुन सकिराखेका छैन । विभिन्न अवरोधहरूले गर्दा यसो हुन गएको हो ।

अवरोधहरू हटेर गएको खण्डमा उद्योगहरू पूर्ण क्षमतामा संचालन हुन गई रोजगार तथा उत्पादनमा समेत वृद्धि हुन जाने देखिन्छ। उद्योगहरू पूर्ण क्षमतामा संचालन भएको खण्डमा थप १५२ जना व्यक्तिहरूले रोजगारीको अवसर पाउन सक्ने कुरा तालिका नं.२ ले देखाएको छ।

देशका अन्य जिल्लाहरूमा जस्तो यस जिल्लामा गैर नेपालीहरूको संलग्नता छैन। शर्वेक्षण गरिएका उद्योग प्रतिष्ठानहरूमा केवल ५ जना मात्र गैर नेपाली कार्यरत भएको पाइयो। असंगठित क्षेत्रमा पनि गैर नेपालीहरू ज्यादै कम मात्रामा मात्र भएको र केवल हाटबजारमा मात्र व्यापारीको रूपमा गैर नेपालीहरू देखिन्छन। कृषि कार्य सत प्रतिशत नेपालीहरूले नै गर्ने गरेका र सिकर्मी, डकर्मी र इटा पार्ने काममा पनि नेपालीहरू नै संलग्न रहेको कुरा थाहा हुन आएको छ। जिल्लामा निर्माणाधिन सिंचाई आयोजनामा श्रमिकको रूपमा गैर नेपालीहरू कार्यरत भएको कुरा थाहा पाइएको छ।

यस जिल्लामा सामुदायिक कार्यक्रम अन्तर्गत विभिन्न कार्यहरू भएका छन। जिल्ला पंचायतको अनुदान र ग्रामिण जनताहरूको श्रमदानबाट स्कूल घर निर्माण, पंचायत घर निर्माण, कुलो निर्माण, बाटो बन्ने कार्य आदि हुने गरेको छ। भनि विभिन्न व्यक्तिहरूले शर्वेक्षणको समयमा बताएका थिए। सामुदायिक कार्यक्रमलाई अझ बढि प्रभावकारी रूपमा संचालन गर्नु पर्दछ भन्ने राय स्थानीय व्यक्तिहरूले व्यक्त गरेका थिए।

ग्रामिण क्षेत्रमा रोजगारी वृद्धिका सम्बन्धमा विभिन्न प्रश्नहरू गर्दा ग्रामिण जनताहरूलाई ग्रामिण उद्योगहरू संचालन गर्नको लागि तालिम र ऋणको व्यवस्था मिलाई दिनु पर्ने कुरामा विभीन्न व्यक्तिहरूले आफ्नो राय व्यक्त गरेका थिए। यसको साथै बुनाई सिलाई, कटाई सिलाई, डोकोगरी, टेक्सटाइल, बेतबाँस सम्बन्धि तालिम आदिको व्यवस्था मिलाउन सकेको खण्डमा केहि मात्रामा रोजगारी सिर्जना गर्न सकिने देखिन्छ। पशुपालन व्यवस्थामा आधुनिकरण र कृषि कार्यमा विविधकरण गर्न सकेको खण्डमा ग्रामिण जनताहरूको रोजगार तथा आय स्तरमा समेत वृद्धि हुन जाने राय स्थानीय व्यक्तिहरूले व्यक्त गरेका थिए।

## ६. रोजगार वृद्धिमा परेका कठिनाईहरू :-

सर्वेक्षण टोलीले सर्वेक्षणको सिलसिलामा पाल्पा जिल्लाका उद्योग प्रतिष्ठानका सम्बन्धित व्यक्तिहरू सँग रोजगार र उत्पादन वृद्धिमा परेका कठिनाईका सम्बन्धमा जानकारी लिँदा ३६ वटा उद्योगहरू मध्ये २ वटालाई उत्पादित वस्तुको मागमा कमि, २ वटालाई आयातबाट प्रतिस्पर्धा, ३ वटालाई दक्ष जनशक्तिको अभाव, ८ वटालाई आर्थिक कठिनाई, २ वटालाई कच्चा पदार्थ तथा नयाँ मेशिनको अभाव, भन्ने कुरा थाहा हुन आएको छ । उपरोक्त अवरोधहरू हटाउन सकेको खण्डमा उत्पादन तथा रोजगारीमा वृद्धि हुन गई उत्पादन समेत बढ्न जाने कुरा सर्वेक्षणबाट पत्ता लागेको छ ।

साना-साना ग्रामिण तथा घरेलु उद्योगहरूको लागि कच्चा पदार्थ र आर्थिक कठिनाई हुने गरेको कुरा सर्वेक्षणबाट पत्ता लागेको छ । इन्जिनियरिङ्ग वर्क्स र पाउरोटी बनाउने उद्योगहरूको लागि आवश्यक मिस्त्रीहरू नपाउने र मेशिन बिग्रेको खण्डमा पनि बनाउने मान्छे भारत वा अन्य जिल्लाबाट ल्याउनु पर्ने हुँदा रोजगारी र उत्पादनमा नकारात्मक असर पर्न जाने कुरा विभिन्न व्यक्तिहरूले बताएका थिए ।

ग्रामिण क्षेत्र देशको अविकसित क्षेत्र हुनुको साथै अज्ञान, अशिक्षा र गरिबी यहि क्षेत्रमा व्याप्त छ । ग्रामिण क्षेत्रमा रोजगार वृद्धिमा परेका अवरोधहरू मध्ये सिपयुक्त जनशक्तिको अभाव, आर्थिक कठिनाई, परम्परागत विचारधारा, गैर कृषि पेशा बारे अज्ञान, गैर कृषि पेशा बारे प्रचार प्रसारको कमि आदि तत्वहरू मूख्य हुन भनि सर्वेक्षण गरिएका गाउँ पंचायतका प्रधान पंच, उप प्रधान पंच, वार्ड सदस्य, शिक्षकहरू र स्थान सँग सुपरिचित व्यक्तिहरूले बताएका थिए । निजहरूका अनुसार तालिम द्वारा सिपयुक्त जनशक्तिको उत्पादन र गैर कृषि व्यवसायको जानकारी गराउनु अत्यावश्यक छ । यस को साथै कृषि विकास बैंक तथा वाणिज्य बैंकहरूबाट घरेलु उद्योग र गैर कृषि व्यवसाय संचालन गर्न सुलभ र छिटो तरिकाबाट ऋण उपलब्ध गराउनु पर्ने भनि राय व्यक्त गरेका थिए ।

७. गैर नेपालीहरूको संलग्नता :-

विगत केहि दशक देखि यस क्षेत्रमा नयाँ २ रोजगारीका क्षेत्रहरूको विकास हुन गएको तर ती क्षेत्रमा काम गर्न जान्ने नेपाली जनशक्तिको अभावले गर्दा गैर नेपालीहरू को संलग्नता वृद्धि हुदै गईरहेको छ । गैर नेपालीहरूको संलग्नता तराई स्थित उद्योग प्रतिष्ठानहरूमा भित्रै देखिन्छ । पाल्पा पाहाडी जिल्ला हुनुको साथै ठूला ठूला उद्योग हरूको स्थापना समेत भई नसकेको हुँदा यहाँ गैर नेपालीहरूको संलग्नता हाल छैन भने पनि हुन्छ । सर्वेक्षण गरिएका उद्योग प्रतिष्ठानहरूमा केवल ५ जवान मात्र गैर नेपाली हरू भेटिएका थियो । असंगठित क्षेत्रहरूमा पनि गैर नेपालीहरूको संलग्नता ज्यादै कम छ । कृषि कार्य सत प्रतिशत नेपालीहरूनै गर्दछन । केवल तानसेन बजारमा मात्र व्यापारिकको रूपमा गैर नेपालीहरू देखिन्छन । पाल्पा जिल्ला रूपन्देहि र नवलपरासी तराईका जिल्ला सँग जोडिनु र सिद्धार्थ राजमार्ग यहि जिल्ला भई पोखरा सँग जोडिनु पुग्नुको कारणले गर्दा भविष्यमा पाल्पा जिल्ला स्थित उद्योगहरूमा गैर नेपालीहरूको संलग्नता वृद्धि हुदै जाने सम्भावना देखिन्छ ।

८. जनशक्तिको माग र आपूर्ति :-

माग:- विकासशिल देशहरूमा एकातिर वहुसंख्यक व्यक्तिहरू वेरोजगार तथा अर्ध वेरोजगार भएर वसेका देखिन्छन भने अर्कोतिर देश भित्र संचालित उद्योग प्रतिष्ठान र विकास आयोजनाहरूको लागि आवश्यक शिपयुक्त जनशक्तिको अभावले गर्दा ठूलो कठिनाई परिरहेको देखिन्छ । हाम्रो देशमा पनि दक्षयुक्त नेपाली जनशक्तिको अभावमा देश भित्र संचालित उद्योग प्रतिष्ठानहरूको जनशक्तिको माग पुरा हुन सकेराखेको छैन । पाल्पा जिल्लामा संचालित उद्योग प्रतिष्ठानहरू सानो स्तरको भएको हुँदा उच्च स्तरिय प्राविधिक तथा प्रशासनिक जनशक्तिको माग कदै छैन भने पनि हुन्छ । केहि मात्रामा दक्ष तथा अर्ध दक्ष जनशक्तिको माग भएको र केहि उद्योगहरूले शिप वृद्धि तालिमको माग गरेका थिए ।

माग गरिएको शिप वृद्धि तालिममा लुम अप्रेटर, शोप मेकर, कार्पेन्टर, कम्पोजिटर, वाइन्डर, टेलर, केमी म्यान आदि हुन ।

स्थानीय प्रधान पंच, वार्ड सदस्य लगायत अन्य व्यक्तिहरूको भनाई अनुसार ग्रामिण क्षेत्रमा सिकर्मी, डकर्मी, तेल बारे सम्बन्धि काम गर्ने व्यक्ति, कटाई सिलाई बुनाई सिलाई, कपडा बुन्ने, नान बनाउने, ईटा बनाउने, माटाका भाडा कुँडा बनाउने जस्ता शिपहरूलाई तालिमबाट विकास गर्नु पर्छ । उल्लेखित शिपहरू ग्रामिण क्षेत्रहरूमा अभाव छन । यी शिपहरूमा ग्रामिण जनताहरूलाई तालिम दिन सकेको खण्डमा स्वयं रोजगारीको सिर्जना हुन गई स्थानीय श्रोत र साधनको समेत समुचित उपयोग हुन जाने कुरा सर्वेक्षणको समयमा विभिन्न व्यक्तिहरूले व्यक्त गरेका थिए । विभिन्न गाउँ पंचायतहरूबाट माग गरिएको तालिमको विषय र संख्या तालिका नं. ३ मा दिइएको छ ।

<u>आपूर्ति</u> :- पाल्पा जिल्लाको तानसेन नगर पंचायत क्षेत्र भित्र संचालित क्याम्पसबाट उत्पादन हुने जनशक्ति जिल्ला स्थित उद्योगहरूलाई नमिल्ने खालको भएको कुरा बुझिएको छ । क्याम्पसबाट उत्पादित जनशक्ति ज्यादै कम मात्रामा यस जिल्लामा रोजगारी पाउने र रोजगारीको लागि अन्य जिल्लाहरूमा जाने गरेको कुरा थाहा हुन आएको छ । ग्रामिण तथा घरेलु उद्योग विकास शाखाको पनि खास तालिम संचालन गर्ने नगरेको र केवल जेलमा मात्र टेक्सटाइल सम्बन्धि तालिम संचालन गर्ने गरेको कुरा पत्ता लागेको छ । तानसेन बजारमा केहि निजी प्रशिक्षण केन्द्रहरूले २।४ जना व्यक्तिहरूलाई टेलरिङ्ग र होजीयरी जस्ता विषयहरूमा प्रशिक्षण प्रदान गर्ने गरेको छ । पाल्पा स्थित उद्योगहरूको लागि आवश्यक पर्ने जनशक्ति आपूर्ति कुनै पनि संस्था बाट हुने गरेको छैन । उद्योगहरूमा हेल्परको रूपमा राखि काम सिकाई आफुलाई आवश्यक पर्ने जनशक्ति विभिन्न उद्योगहरूले स्वयं आपूर्ति गर्ने गरेको कुरा सर्वेक्षणबाट पत्ता लागेको छ । आप्रेन्टिस तालिमलाई धेरै जसो उद्योगहरूले स्विकारेका र आफुलाई

मिल्दो तालिम अन्यत्र संचालन भएको खण्डमा पनि आफ्ना कर्मचारीहरू पठाउन सकिने राय दिँदै जसो उद्योग प्रतिष्ठानहरूले शर्भेक्षण टोलीलाई समक्षमा बताएका थिए ।

पाल्पा जिल्लाका जनशक्तिको माग र आपूर्ति बिच सान्तुलन हुन सकेको छैन । नगर पंचायत क्षेत्रमा दक्ष र अर्ध दक्ष उत्पादनशिल जनशक्तिको माग भएता पनि -- आपूर्ति गर्ने कुनै निकायहरू छैनन त्यस्तै ग्रामिण क्षेत्रमा माग भएको जनशक्ति पनि आपूर्ति हुन सकिराखेको छैन । उद्योग क्षेत्र र ग्रामिण क्षेत्रको मागलाई ध्यानमा राखि जनशक्ति आपूर्तिको व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

६. सुझावहरू :-

पाल्पा जिल्लाको श्रम बजार सम्बन्धि शर्भेक्षण अध्ययन तथ्यांक र अन्य .. सूचनाहरूको आधारमा शर्भेक्षण टोली निम्न सुझावहरू पेश गर्दछ ।

(१) जिल्ला स्थित उद्योग प्रतिष्ठानहरू कच्चा पदार्थ, आर्थिक कठिनाई, दक्ष कामदार को अभाव, उत्पादित वस्तुको मागमा कमि आदिको कारणले गर्दा पूर्ण क्षमता मा संचालन हुन सकिराखेको छैन । उपरोक्त उल्लेखित समस्याहरू सम्बन्धित निकायले समयमै समाधान गरि दिएको खण्डमा उत्पादन तथा रोजगारीमा समेत वृद्धि हुन जाने कुरा शर्भेक्षण टोलीले महसूस गरि सम्बन्धित निकाय समक्ष सुझाव पेश गर्दछ ।

(२) पाल्पा जिल्लाको बेरोजगार तथा अर्ध बेरोजगारको समस्या समाधान गर्नको लागि पर्याप्त रोजगारका अवसरहरू वृद्धि गर्नु पर्ने देखिन्छ तर सम्बन्धि ज्ञानको अभाव मा गैर कृषि क्षेत्रमा सिर्जना भएका रोजगारीका अवसरहरूको उपभोग समेत हुन सकिराखेको छैन । तसर्थ सम्बन्धित निकायले रोजगारीका अवसरहरूको सिर्जनाको साथै तालिम आदिको समेत व्यवस्था मिलाउन शर्भेक्षण टोली सुझाव पेश गर्दछ ।

(३) पाल्पा जिल्लामा प्रशस्त ढाका उत्पादन हुने तर बजारको अभावमा निकै असहजतारो पर्ने कुरा सम्बन्धित उद्योग पतिहरूले बताएका थिए । उत्पादित ढाका कुनै निकायले खरिद गरि दिने व्यवस्था भएको खण्डमा उत्पादन तथा रोजगारमा समेत वृद्धि हुन जाने महसूस गरि सम्बन्धित निकाय समक्ष सुझाव पेश गरिन्छ ।

(४) करुवा र तामाको भाँडा बनाउनेहरूको संख्या क्रमश कम हुँदै गएको देखिन्छ। आवश्यक कोल र मैनको अभाव अन्त हुन गएकोले उनीहरूलाई कोल पार्न वन विभागले काठ दाउराको सुविधा दिनु पर्ने देखिन्छ।

(५) यस जिल्लाको ग्रामिण क्षेत्रका जनताहरू गैर कृषि-व्यवसाय सम्बन्धि ज्ञानको अभाव भएको हुँदा ग्रामिण तथा घरेलु उद्योग विकास शाखा, ग्रामिण तथा घरेलु उद्योग विकास समिति, औद्योगिक सेवा केन्द्र जस्ता निकायहरूद्वारा ग्रामिण जनताहरू साना साना ग्रामिण तथा घरेलु उद्योग सम्बन्धि प्रचार प्रसार र तालिम आदिको व्यवस्था मिलाउनु पर्ने देखिन्छ।

(६) पाल्पा जिल्ला फलफुल खेतीको लागि उपयुक्त देखिन्छ। फलफुल खेती तर्फ किसानहरूलाई आकृष्ट गराउन सकेको खण्डमा कृषकहरूको आय तथा रोजगारी समेत वृद्धि हुन जाने महसुस गरि सम्बन्धित निकाय समक्ष शर्वेक्षण टोली सुझाव पेश गर्दछ।

(७) श्रमिक आपूर्ति केन्द्र सम्बन्धि जिल्लाका बहुसंख्यक बासिन्दाहरूलाई थाहा नभएको हुँदा यस जिल्लामा श्रमिक आपूर्ति केन्द्र सम्बन्धि प्रचार प्रसार गर्नु पर्ने र तालिका नं. ३ मा माग भएको विषयको तालिम श्रमिक आपूर्ति केन्द्र बुटवलले घुम्ति तालिम सञ्चालन गरि प्रदान गर्नु पर्ने कुराको शर्वेक्षण टोली सुझाव पेश गर्दछ।

## तालिका नं. १

उद्योग प्रतिष्ठानको वर्गीकरण अनुसार संख्या र पुरुष तथा महिला रोजगारी

| क्र.सं. | उद्योगहरू | संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| १. | कपडा तथा धागा उद्योगहरू | १५ | ६३ | ४१६ | ५०८ |
| २. | फर्निचर उद्योगहरू | ७ | २५ | – | २५ |
| ३. | प्रेश उद्योगहरू | ५ | २६ | – | २६ |
| ४. | लुगा उद्योगहरू | ३ | १५ | ५ | २० |
| ५. | अन्य उद्योगहरू | ६ | २७ | – | २७ |
| | जम्मा | ३६ | १८६ | ४२१ | ६०७ |

श्रोत :- सर्वेक्षण ।

नोट:- अन्य उद्योगहरूमा शर्मा व्याट्री उद्योग, सुनिल मेटल वर्क्स, गणेश प्लास्टिक इण्ड०, शान्ती मेकानिकल वर्कशप, सत्यवती साबुन उद्योग, अशोक बेकरी उद्योग, राधा कृष्ण आयल मिल, जवाली राइस एण्ड आयल मिल, र अन्नपूर्णा राइस मिल, पर्दछन ।

तालिका नं. १( )

| सि.नं. | उच्चस्तरिय प्राविधिक | नेपाली | | गैर नेपाली | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| १. | हेड टेक्निसियन | – | – | १ | – |
| | जम्मा: | – | – | १ | – |

स्रोत: सर्भेक्षण ।

तालिका नं. १ (ख)

| सि.नं. | मेनेजरियल एण्ड क्लेरिकल | नेपाली | | गैर नेपाली | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| १. | प्रोप्राइटर | २६ | – | – | – |
| २. | मेनेजर | १ | – | – | – |
| ३. | एकाउन्टेण्ट | ४ | – | – | – |
| ४. | स्टोर किपर | ३ | – | – | – |
| ५. | एजेन्ट | १ | – | – | – |
| ६. | चौकिदार | २ | – | – | – |
| ७. | पियन | – | १ | – | – |
| | जम्मा : | ३७ | १ | – | – |

स्रोत: सर्भेक्षण ।

## तालिका नं. १ (ग)

| सि.नं. | दक्ष तथा अर्ध दक्ष कामदार | नेपाली | | गैर नेपाली | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| १. | दक्ष कामदार | १२ | १३ | २ | – |
| २. | अर्ध दक्ष कामदार | ७ | ६० | – | – |
| ३. | पावर लुम अप्रेटर | १५ | – | – | – |
| ४. | ह्याण्ड लुम अप्रेटर | ४ | २१५ | – | – |
| ५. | वार्पिङ | १ | – | – | – |
| ६. | मिस्त्री (कार्पेन्टर) | २१ | – | – | – |
| ७. | कम्पोजिटर | १४ | – | – | – |
| ८. | मेशिन म्यान | ६ | – | – | – |
| ९. | वाइन्डर | १ | – | – | – |
| १०. | कालिगड | १२ | ५ | – | – |
| | जम्मा: | ९३ | २९३ | २ | – |

श्रोत: सर्वेक्षण ।

## तालिका नं. १ (घ)

| सि.नं. | श्रमिक र अन्य | नेपाली | | गैर नेपाली | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| १. | कामदार | ५१ | २१७ | २ | – |
| | जम्मा: | ५१ | २१७ | २ | – |

श्रोत: सर्वेक्षण ।

तालिका नं. २

| क्र.सं. | उद्योग प्रतिष्ठानहरू | संख्या | हाल लागेत संख्या | रोजगारीको क्षमता |
|---|---|---|---|---|
| १. | कपडा तथा धागा उद्योगहरू | १५ | ५०६ | ६०२ |
| २. | फर्निचर उद्योगहरू | ७ | २५ | ३५ |
| ३. | प्रेश उद्योगहरू | ५ | २६ | ३२ |
| ४. | कुटा उद्योगहरू | ३ | २० | ४० |
| ५. | अन्य उद्योगहरू | ६ | २७ | ५० |
| | कूल जम्मा: | ३६ | ६०७ | ७५६ |

श्रोत : शर्मेदागा ।

## तालिका नं. ३

विभिन्न गाउँ पंचायतहरूबाट माग गरिएको तालिमको विषय र संख्या

| सि.नं. | विषय | संख्या |
| --- | --- | --- |
| १. | सिकर्मी | १०० |
| २. | डकर्मी | १०० |
| ३. | बेत बाँस सम्बन्धि | ५० |
| ४. | कटाई सिलाई | १०० |
| ५. | बुनाई पिलाई | ६० |
| ६. | कपडा बुन्ने | २०० |
| ७. | तान बनाउने | २५ |
| ८. | इँटा बनाउने | ७५ |
| ९. | माटाका भाँडा बनाउने | ५० |
| | जम्मा : | ७६० |

स्रोत : सर्वेक्षण ।